नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ९८ २०८३ साल कात्तिक २७ गते शुक्रबार (13 Nov 2026 Friday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : बहुप्रकोपीय पूर्वसूचना प्रणालीकै.. ३ पृष्ठमा : पटका मनोरञ्जन कि ... ३ पृष्ठमा : इरान-अमेरिका द्वन्द्व ...

लोक आस्थाको महापर्व छठको चहल पहल सुरु





दैनिक समाचारदाता
राजविराज, २६ कात्तिक ।

लोक आस्थाको महापर्व छठ शुक्रबारदेखि विधिवत रुपमा सुरु हुने भएको छ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन अरबा-अरबाइन, दोस्रो दिन खरना, तेस्रो दिन बेलुकी अस्ताउन लागेको र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिई पूजा गरिन्छ ।

सप्तरीमा पनि छठ पर्वका लागि धमाधम तयारी भइरहेको छ भने पुजा सामाग्रिहरु किनमेलका लागि अहिले बजारमा चहलपहल बढेको छ ।

छठ पूजाका लागि आवश्यक पर्ने सामानहरूलाई चोखो राख्न ब्रतालुहरूले विशेष रूपमा रेखदेख गर्छन् भने यस पर्वमा फलफूल, अदुवाको बोट, उखु, सुथनी, पानी फल, नरिवल, बोडी, नाङ्लो, कन्या, ढकी, माटोको दियो र कराई आवश्यक पर्छ । पूर्णरूपमा शकाहारी हुने यो पर्वमा ठकुवा, भुसुना, फलफूल र कसारले विशेष महत्व राख्दछ ।

यता छठ पर्वलाई व्यवस्थित गर्न स्थानीय युवकहरूले समिति बनाई व्यवस्थापन गर्ने गरेका छन् भने यो पर्व जलाशय, पोखरी वा नदी भएको स्थानमा मनाइन्छ ।

राजविराजस्थित भगवति मन्दिरको पोखरी, कल्लु दास पोखरी, सकलदेव दास पोखरी, तुरन्ती पोखरी तथा जिल्लाको कंचनपुर, भारदह, हनुमाननगर, रुपनी, कल्याणपुर सहितको दर्जनौ ठाउँमा घाट बनाएर भव्यतापूर्वक पूजापाठ गर्ने तयारी गरिदै छ । यता भारदहस्थित कोशी व्यारेजमा सप्तरी, सुनसरी, सिरहासहित सीमावर्ती भारतीय गाउँबाट समेत आएर श्रद्धालुहरुले छठका लागि स्थान ओगटदै छन् ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र अरोग्यका लागि यो पर्व मनाउने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ । आरोग्य र दीर्घायुसँग जोडिएको छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि पाइन्छ ।

पर्वको पहिलो दिन चतुर्थीमा ब्रतालु महिला एवं पुरुष नृत्यकर्मपछि शुद्ध शाकाहारी खाना खान्छन् । यसलाई 'नहाय खाय' अर्थात नुहाएर खानु भनिन्छ । यो दिन नुहाई, धुवाँई, चोखो भई ब्रतालु महिला एवं पुरुषहरुले लहसुन, प्याज नहाली कालो नुन प्रयोग गरि खाना खाने गर्छन् ।

यस्तै दोस्रो दिन पञ्चमीमा दिनभरि उपवास बसिन्छ, यस दिनलाई 'खरना' भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरवा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रती यो दिन दिनभरि उपवास बस्ने गर्छन् । खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ । यो दिन बेलुकीपख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सख्खर, दूध र चामलको खीर पकाइन्छ । सो खीर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र चढाइसकेपछि व्रतीले प्रसादको रूपमा ग्रहण गर्छन् । परिवारका अन्य सदस्यहरूले पनि यसलाई प्रसादको रूपमा ग्रहण गर्ने चलन रहेको छ ।

पर्वको तेस्रो दिन षष्ठी उपवास बसेका ब्रतालुहरु साँझपख जलाशयमा गई अस्ताउँदो सूर्यको पुजा गर्ने गर्छन् । र चौथो दिन बिहान पुनः जलाशयमा गई उदाउँदो

बाँकी अन्तिम पृष्ठमा

इभी दुर्घटनामा एकै परिवारका ६ सहित १४ जनाको मृत्यु

हेटौँडा, २६ कात्तिक (रासस) ।

मकवानपुरको भीमफेदी गाउँपालिका-६ चिसापानीगढीमा बिहीबार बिहान विद्युतीय माइक्रोबस दुर्घटना हुँदा एकै परिवारका छ जनासहित १४ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी छ जना घाइते भएका छन् ।

काठमाडौँबाट छठ पर्व मनाउन सर्लाहीतर्फ जाँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको माइक्रोबस सडकबाट करिब ५०० मिटर तल खसेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार दुर्घटनामा सर्लाहीको चक्रघट्टा गाउँपालिकाअन्तर्गत-४ सुन्दरपुरटोलका अवधेश यादवको श्रीमती ३५ वर्षीया पुनम देवी यादव, छोरीहरू १० वर्षीया अनुकुमारी यादव, सात वर्षीया दीक्षा यादव र पाँच वर्षीया दीपिका यादव तथा उनका दुई भाइको मृत्यु भएको छ ।

दुर्घटनामा सवारी चालक सर्लाहीको कविलासी गाउँपालिका-८ का ३० वर्षीय रविशङ्कर कुमार मण्डल, चक्रघट्टा-४ का २६ वर्षीय विकेश यादव, ३५ वर्षीय गुड्डु यादव, उनकी श्रीमती गायत्रीदेवी यादव, रामदुलार यादव, सुबोध यादव, रोहन यादव, राकेश यादव, छोटु यादव र सुदेश यादवको पनि मृत्यु भएको काफ्लेले जानकारी दिनुभयो ।

घाइते हुनेमा ३३ वर्षीय मुकेश यादव, पाँच वर्षीय सक्षम कुमार यादव, तीन वर्षीय सुजन यादव, ३१ वर्षीय बेचु भन्ने देवेन्द्र राय, २६ वर्षीय देवेन्द्र राय र १४ महिनाका सुदीप यादव

बाँकी अन्तिम पृष्ठमा

करिब २ सय ३१ किलो गाँजा बरामद

दैनिक समाचारदाता
राजविराज, २६ कात्तिक ।

सिराहा र सप्तरीको सीमा क्षेत्र सप्तरीको बलान बिहुल गाउँपालिका ४ स्थित बलान खोलाबाट प्रहरीले करिब २ सय ३१ किलो गाँजा बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय लहान सिराहा र प्रहरी चौकी बेल्ही सप्तरीबाट खटिएको प्रहरीले सात पोकामा रहेको उक्त परिमाणको लागूऔषध फेला पारेको हो ।

सो सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सप्तरी जिल्लामा अन्न भण्डारणको आवश्यकता

सप्तरी जिल्ला कृषि उत्पादनका दृष्टिले मधेश प्रदेशकै महत्वपूर्ण जिल्लामध्ये एक हो । यहाँका अधिकांश किसानको मुख्य पेसा कृषि हो । धान, गहुँ, मकै लगायतका खाद्यान्न बाली उत्पादनमा सप्तरीको उल्लेखनीय योगदान रहँदै आएको छ । तर विडम्बना, यति धेरै कृषि उत्पादन हुने जिल्लामा पनि व्यवस्थित अन्न भण्डारणको पर्याप्त व्यवस्था हुन सकेको छैन । यसले गर्दा किसानले वर्षभरि गरेको मेहनतको उचित प्रतिफल पाउन कठिन भइरहेको छ । किसानले उत्पादन गरेको अन्न सुरक्षित राख्ने उचित गोदाम नहुँदा वर्षा, बाढी, चिस्यान, मुसा तथा अन्य कीराको कारण ठूलो परिमाणमा खाद्यान्न नष्ट हुने जोखिम रहन्छ । कतिपय किसानले भण्डारणको सुविधा नपाउँदा धान, गहुँलगायतका अन्न सस्तो मूल्यमा तत्कालै बिक्री गर्न बाध्य हुनुपर्छ । पछि बजारमा मूल्य बढ्दा पनि उनीहरूले त्यसको लाभ लिन पाउँदैनन्। यसले किसानको आर्थिक अवस्थालाई थप कमजोर बनाएको छ ।

त्यसैले सप्तरीमा आधुनिक तथा व्यवस्थित अन्न भण्डारण केन्द्र स्थापना गर्नु आजको आवश्यकता हो । स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले समन्वय गरी जिल्लाका विभिन्न क्षेत्रमा क्षमताअनुसारका खाद्यान्न गोदाम निर्माण गर्नुपर्छ । विशेषगरी कृषि उत्पादन बढी हुने क्षेत्रलाई प्राथमिकतामा राखेर भण्डारण गृह स्थापना गर्न आवश्यक छ । त्यस्ता गोदाममा अन्नको गुणस्तर कायम राख्ने प्रविधि, चिस्यान नियन्त्रण र सुरक्षाको उचित व्यवस्था हुनुपर्छ । अन्न भण्डारणको व्यवस्था किसानका लागि मात्र नभई जिल्लाको खाद्य सुरक्षासँग पनि जोडिएको विषय हो ।

उत्पादन बढी भएको समयमा अन्न सुरक्षित राखेर अभाव भएको समयमा बजारमा आपूर्ति गर्न सकिए मूल्य स्थिर राख्नसमेत सहयोग पुग्छ । यसले बिचौलियाको प्रभाव घटाउन र किसानलाई उचित मूल्य दिलाउन पनि मद्दत गर्नेछ । तसर्थ सप्तरीलाई कृषि उत्पादनको भण्डारका रूपमा चिनाउने हो भने उत्पादन बढाउने अभियानसँगै उत्पादित अन्न सुरक्षित राख्ने व्यवस्था पनि मिलाउनुपर्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ विक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

बहुप्रकोपीय पूर्वसूचना प्रणालीकै कारण विपद्जन्य मृत्युदर ६.१ गुणा कम

प्रगति ढकाल

काठमाडौँ, २६ कात्तिक (रासस) ।

विश्वका ७० प्रतिशत देशमा बहुप्रकोपीय पूर्वसूचना प्रणाली विस्तार भए पनि विपद्को उच्च जोखिममा रहेका मुलुक र समुदाय अझै प्रभावकारी चेतावनीको पहुँचबाट टाढा रहेको पाइएको छ ।

पूर्वसूचना प्रणालीको विस्तारले विपद्बाट हुने मानवीय क्षति घटाउन सहयोग पुऱ्याए पनि जोखिममा रहेका समुदायसम्म यसको पहुँच सुनिश्चित गर्न चुनौती कायमै रहेको संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले देखाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विपद् जोखिम न्यूनीकरण कार्यालय (युएनडीआरआर) र विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) ले सार्वजनिक गरेको 'ग्लोबल स्टाटस अफ मल्टी हाजार्ड अर्ली वार्निङ सिस्टम्स २०२६' प्रतिवेदनले यस्तो देखाएको हो ।

गत सोमबारदेखि टर्कीको एन्टाल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रहरूको ३१ औँ सम्मेलन (कोप-३१) का अवसरमा सार्वजनिक प्रतिवेदनले पूर्वसूचनालाई समुदायसम्म पुऱ्याउन र समयमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ । प्रतिवेदनअनुसार बहुप्रकोपीय पूर्वसूचना प्रणालीको क्षमता रहेको प्रतिवेदन गर्ने देशको सङ्ख्या १३६ पुगेको छ ।

सन् २०२५ मार्चको तुलनामा उक्त सङ्ख्या १७ ले बढी हो । सन् २०१५ मा पूर्वसूचना प्रणालीको अवस्था मापन गर्न थालिएयता विश्वव्यापी पहुँचमा १४३ प्रतिशत वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

पूर्वसूचना प्रणालीको विस्तारसँगै विपद्बाट हुने मानवीय क्षति घटाउन पनि उल्लेखनीय योगदान पुगेको प्रतिवेदनले देखाएको छ ।

सीमितदेखि मध्यमस्तरको पूर्वसूचना प्रणाली भएका देशको तुलनामा पर्याप्तदेखि व्यापक प्रणाली भएका देशमा विपद्जन्य मृत्युदर ६.१ गुणा कम पाइएको छ । यस्तै, विपद्बाट प्रभावित हुने मानिसको सङ्ख्या पनि ३.२ गुणा कम रहेको प्रतिवेदनले देखाएको छ ।

यद्यपि, जलवायु परिवर्तनका कारण बढ्दो जोखिमसँग जुध्ने क्षमता कमजोर भएका मुलुकमा पूर्वसूचना प्रणालीको पहुँच र प्रभावकारिता अझै चुनौतीपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ । विशेषगरी साना टापु विकासशील राष्ट्र (एसआइडीएस) मा पूर्वसूचनाको पहुँच सबैभन्दा कम छ भने अति कम विकसित राष्ट्र (एलडिसी) मा प्रणालीको समग्र व्यापकता सूचक सबैभन्दा न्यून रहेको छ ।

विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधि तथा युएनडीआरआर प्रमुख कमल किशोरले पूर्वसूचना प्रणालीमा प्रगति भए पनि धेरै मानिस अझै असुरक्षित रहेको बताउनुभएको छ । उहाँले विपद्बाट हुने हानि तथा नोक्सानी घटाउन सबैभन्दा जोखिममा रहेका देशमा पूर्वसूचना र पूर्वकार्यलाई विश्वव्यापी प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ ।

यसैबीच, शक्तिशाली एल निनो विकसित हुने सम्भावनाले विश्वका विभिन्न क्षेत्रमा चरम मौसमी घटनाको जोखिम बढाएको डब्लुएमओले जनाएको छ । एल निनोको प्रभाव बढ्दै जाँदा एकपछि अर्को मौसमी घटना निम्तिन सक्ने भन्दै सङ्गठनले पूर्वानुमानलाई समयमै पूर्वतयारी र प्रतिकार्यमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

डब्लुएमओकी महासचिव सेलेस्टे साउलोले एल निनोलाई रोक्न नसकिए पनि यसबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न सकिने बताउनुभएको छ । उहाँले पूर्वसूचना प्रणालीमार्फत जोखिमको पूर्वानुमान गरी चरम मौसमी घटनाले विपद्को रूप लिनुअघि नै आवश्यक कदम चाल्न सकिने उल्लेख गर्नुभएको छ ।

नेपालमा पूर्वसूचनाका लागि राष्ट्रिय मार्गचित्र

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले नेपालमा बहुप्रकोपीय पूर्वसूचना प्रणाली सुदृढीकरणका लागि प्रकोपका थ्रेसहोल्ड (जोखिमको सीमा) निर्धारणसहित राष्ट्रिय मार्गचित्र तयार गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा मोबाइलमार्फत तत्काल चेतावनी प्रवाह गर्न सकिने सेल ब्रोडकास्ट प्रणाली सञ्चालनका लागि आवश्यक कार्यविधिसमेत तयार गरिएको छ ।"

डा उप्रेतीले पूर्वसूचना प्रणालीको विज्ञानलाई समुदायसँग जोड्नुपर्नेमा जोड दिँदै जोखिमको सूचना समयमै सम्बन्धित समुदायसम्म पुऱ्याउनसके मात्र त्यसको प्रभावकारिता देखिने बताउनुभयो ।

उच्च हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिम न्यूनीकरणका लागि पर्याप्त वित्तीय स्रोत उपलब्ध गराउनुपर्ने उहाँको भनाइ छ ।

प्रमुख डा उप्रेतीले हिमाली क्षेत्रमा तापक्रम वृद्धि, वर्षाको मात्रा र हिमपहिरोको सम्भावित जोखिम नियमित अनुगमन गर्नसक्ने पूर्वसूचना संयन्त्र तथा संरचना निर्माण गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "उच्च हिमाली क्षेत्रमा तापक्रम कति बढेको छ, कति पानी परेको छ र तापक्रम वृद्धिले हिमपहिरोको जोखिम निम्त्याउन सक्छ कि सक्दैन भन्ने विषयमा नियमित अनुगमन आवश्यक छ ।"

उहाँले हिमाली क्षेत्रमा उच्च प्रविधियुक्त राडार प्रणाली स्थापना गर्न सके जोखिमको पूर्वानुमान र अनुगमनलाई थप प्रभावकारी बनाउन सकिने धारणा राख्नुभयो ।

पर्याप्त वित्तीय स्रोत र प्रविधिको व्यवस्था भएमा सम्भावित विपद्अघि नै पूर्वकार्य (एन्टिसिपेटरी एक्सन) सञ्चालन गर्न आवश्यक समय व्यवस्थापन गर्न सकिने उहाँको भनाइ छ ।

जल विज्ञान तथा जल अनुसन्धान केन्द्रका बाढीविद् विनोद पराजुलीले विपद्जन्य पूर्वसुचना प्रयाप्त भएमा समयमा नै धनजनको सुरक्षा गर्न सकिनेमा जोड दिनुभयो ।

प्रमुख उप्रेतीले भन्नुभयो, "नेपालमा पनि पूर्वसूचना प्रणालीकै कारण धेरैको ज्यान जोगिएको छ । तर पूर्वसूचना प्रणाली प्रयाप्त छैनन् ।"

प्रतिवेदनअनुसार सन् २०२५ मा पूर्वकार्यसम्बन्धी सक्रिय ढाँचाको सङ्ख्या ७० प्रतिशतले वृद्धि भई १५४ बाट २६२ पुगेको छ । ती ढाँचा ७५ देशमा विस्तार भएको छ ।

सोही वर्ष ५४ देशमा सञ्चालन गरिएका १४६ पूर्वकार्यबाट ९६ लाख मानिस प्रत्यक्ष लाभान्वित भएका थिए । ती कार्यका लागि ११ करोड ९९ लाख अमेरिकी डलर पूर्वव्यवस्थित वित्त परिचालन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सन् २०२६ जुनसम्म ३८ देशमा मोबाइलमा आधारित सेल ब्रोडकास्ट प्रणाली पूर्ण रूपमा सञ्चालनमा आएको र थप १७ देशमा कार्यान्वयनको अन्तिम तयारी भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

पूर्वसूचना प्रणालीको प्रभावकारिता बढाउन मौसम तथा जलवायु तथ्याङ्क सङ्कलन, जोखिम विश्लेषण, सूचना प्रवाह, सामुदायिक सहभागिता र समयमै प्रतिकार्य गर्ने क्षमता एकसाथ विकास गर्नुपर्ने प्रतिवेदनको निष्कर्ष छ ।

पूर्वासूचना प्रणालीको लगानीले विपद्जन्य क्षति घटाउँछ

मौसमविद् डा विनोद पोखरेलले नेपाल जस्ता भौगोलिक तथा जलवायुका दृष्टिले अत्यन्त संवेदनशील मुलुकमा पूर्वसूचना प्रणालीमा गरिएको लगानीले विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "मनसुनमा हुने अतिवृष्टि, आकस्मिक बाढी, पहिरो, चट्याङ, हिमपात, हिमपहिरो, शीतलहर र तापलहरका कारण हरेक वर्ष जनधनको क्षति हुँदै आएको छ । पछिल्ला वर्षमा छोटो समयमा अत्यधिक वर्षा हुने र परम्परागत मौसमी चक्रमा परिवर्तन देखिने घटनाले विपद्को जोखिम थप जटिल बनाएको छ ।"

त्यस्तो अवस्थामा मौसमसम्बन्धी सही र समयमै सूचना उपलब्ध गराउनु जीवनरक्षासँग जोडिएको विषय हो । मौसमविद् डा पोखरेल भन्नुहुन्छ, "मौसम पूर्वानुमान प्रणालीमा गरिने लगानीले विपद् आउनुअघि नै जोखिम पहिचान गरी आवश्यक तयारी र प्रतिकार्य गर्ने क्षमता बढाउँछ ।"

मधेस प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या

धनुषा, २६ कात्तिक (रासस) ।

मधेस प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या देखिएको छ ।

बहुआयामिक वञ्चितीकरण भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपनी सरसफाइ, आवास र सूचनाको पहुँचजस्ता अधिकारबाट एकै साथ वञ्चित हुने अवस्थालाई बुझाउँछ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार प्रदेशका २१ दशमलव तीन प्रतिशत बालबालिका विभिन्न प्रकारका अभाव र वञ्चितीकरणबाट प्रभावित छन् ।

बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा तथा समग्र विकासको अवस्थालाई विश्लेषण गर्दा मधेस प्रदेशको स्थिति चिन्ताजनक देखिएको हो ।

विशेषगरी पाँच वर्षमुनिका बालबालिकामा कुपोषणको समस्या र साना बालबालिकाले पर्याप्त तथा विविधतायुक्त आहार नपाउने अवस्थाले शारीरिक तथा मानसिक विकासमा चुनौती थपेको छ ।

मधेस प्रदेशमा पाँच वर्षमुनिका २६ दशमलव दुइ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या देखिएको छ । त्यस्तै, छ देखि २३ महिनासम्मका ६० दशमलव सात प्रतिशत शिशु तथा बालबालिकाले उमेरअनुसार आवश्यक पर्ने पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन् ।

बालबालिकाको उमेरअनुसार आवश्यक पोषणयुक्त खाना उपलब्ध नहुँदा उनीहरूको वृद्धि विकास प्रभावित हुने जोखिम रहन्छ ।

बाल्यावस्थामा हुने पोषणको कमीले तत्कालीन स्वास्थ्यमा मात्र नभई भविष्यमा सिकाइ क्षमता, शारीरिक वृद्धि र सामाजिक अवसर प्राप्त गर्ने क्षमतासमेत प्रभावित गर्न सक्छ ।

मधेस प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था कमजोर रहनु चिन्ताको विषय भएको बताउनुभयो ।

उहाँले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

बालबालिकाको वास्तविक आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नसके मात्र अपेक्षित सुधार ल्याउन सकिने उहाँको भनाइ छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बहुआयामिक वञ्चितीकरण न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतामा समेत ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँका अनुसार बालबालिकाको जीवनस्तर सुधार गर्न आधारभूत सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्नु आवश्यक छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिका तथा कम शैक्षिकस्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखिएको छ ।

परिवारको आर्थिक अवस्था,

बाँकी तीन पृष्ठमा

पटका मनोरञ्जन कि अभिशाप ?

डा गोविन्द टण्डन

काठमाडौँ, २६ कात्तिक (रासस) ।

वर्षभरि प्रतीक्षा गरेर कुरेको तिहार आयो, उज्यालो ल्यायो । घरघरमा झिलिमिली बत्ती बले, ढोकाढोकामा सयपत्री र मखमलीका माला सजिए । गाउँ-सहरभरि फूलको बासना फैलिएको छ । बालबालिकादेखि वृद्धसम्म सबैको अनुहारमा खुसी छ । नेपालीको दोस्रो ठूलो पर्व तिहार केबल एउटा चाड मात्र होइन, यो हाम्रो संस्कृति, सभ्यता र मानवताको जीवन्त प्रतिविम्ब हो । यस वर्षको तिहार हामीबाट बिदा भएर गइसक्यो तर यसले छोडेका केही तीता अनुभव र गम्भीर प्रश्न भने अझै हाम्रासामु छन् ।

तिहारलाई हामी किन अरू चाडभन्दा फरक र विशिष्ट मान्छौँ ? किनकी यो पर्वले मानिसलाई मात्र होइन, मानिससँगै बाँच्ने अन्य सबै पशु प्राणीलाई पनि समान रूपमा सम्मान गर्छ । काग तिहारमा हामी कागलाई बोलाएर भात खुवाउँछौँ, किनकि कागलाई यमराजको दूत मानिन्छ । उसले लगाएको कुन तिर्ने प्रयत्न गर्छौं । कुकुर तिहारमा कुकुरलाई माला, टीका लगाएर मीठो खुवाएर पूजा गर्छौं किनकि कुकुर हाम्रो वफादार साथी र यमराजको अर्को दूत हो । गाई तिहार र गोरु तिहारमा गाई, गोरुलाई लक्ष्मीको प्रतीक मानेर पूजा गर्छौं । लक्ष्मीपूजामा ऐश्वर्य, सम्पन्नता र धनकी देवीको आह्वान गर्छौं । भाइटीकामा दिदीबहिनीले दाजुभाइको दीर्घायुको कामना गरेर एकअर्काको सम्मान गर्छन् । यसको मूल सन्देश हो–सबै जीवप्रति प्रेम, करुणा र सहअस्तित्व । प्रकृतिका सबै प्राणीलाई सम्मान गर्नुपर्छ भन्ने यो सन्देशकै कारण तिहारलाई विश्वकै सबैभन्दा मानवीय पर्वहरूमध्ये एक भनिन्छ ।

तर यही उज्यालोको पर्व, यही सम्मानको पर्व विगत केही दशकदेखि पटका वा आतसबाजीको ठूलो आवाज, धुवाँ र जोखिमले गर्दा अभिशापमा परिणत हुँदै गएको छ । हामी कागलाई पूजा गर्ने दिनमै कागलाई भगाउँछौँ । कुकुरलाई माला लगाउने दिनमै कुकुरलाई डरले थरथर काम्ने बनाउँछौँ । गाईलाई लक्ष्मी भनेर पूजा गर्ने हामी त्यही गाईलाई पटकाको आवाजले आतङ्कित तुल्याइरहेका त छैनौँ ? तिहारमा पटका पड्काउनु हाम्रो मौलिक परम्परा होइन । हाम्रा बाजेबज्यैको पालामा तिहारमा दियो बाल्ने, देउसी-भैलो खेल्ने, सेलरोटी खाने, म्हःपूजा गर्ने, भाइटीका लगाउने र फूलमाला सजाउने चलन थियो । पटका त आयातित र व्यापारिक स्वार्थ बोकेको संस्कृति हो । हामीले त्यसलाई आफ्नो मौलिक पर्वको अङ्ग ठान्न थालेका छौँ, यो ठूलो भ्रम र विचलन हो ।

पटकाको कारण ठूलो अर्थराशि एकातिर विदेशिएको छ भने अर्कोतिर धनजनको ठूलो नोक्सान भइरहेको छ । ठाउँठाउँमा आगलागी, बस्ती विनाश, मृत्युवरणजस्ता घटना हरेक वर्ष दोहोरिरहेका छन् । छिमेकीले पटका पटकाउने क्रममा आकाशतिर उडाएको पटका कहाँनेर कसको के नोक्सान गर्ने हो भनेर डराउनुपर्ने अवस्था रहिरहन्छ । पटकाकै कारण कुकुरहरू हराएको, डरले लुकेको र खाना नखाएको समाचार आए । काठमाडौँको वायु गुणस्तर सूचकाङ्क (एक्युआइ) दिउँसोमै १४३ पुगेर अस्वस्थकर भएको समाचार आयो । पर्सामा एक जना बालकको पेटमा पटकाको टुक्रा छिरेर घाइते भई ज्यान गुमाएको समाचारले हामीलाई झस्कायो । प्रहरीले विस्फोटक पदार्थसम्बन्धी कानुनअन्तर्गत पटकाको अवैध ओसारपसार र प्रयोगमा कडाइ गर्दै सजायको व्यवस्था भएको स्मरण गरायो, तर कार्यान्वयन कमजोर रह्यो । पटकाको आवाज र झिरझिरले कोही कसैलाई रमाइलो लाग्ला, तर पशुपक्षी, वातावरण र कमजोर मानिसलाई के हुन्छ भन्ने विषयमा हामीले कहिल्यै गम्भीर रूपमा सोचेका छौँ ?

काग र चराचुरुङ्गीको कुरा गरौँ । काग तिहारको दिन बिहानै कागलाई बोलाउने चलन छ । काग आयो भने शुभ मानिन्छ । तर तिहार सुरु हुनुभन्दा एक हप्ताअघिदेखि नै पटका पड्कन थाल्छ । काग मात्र होइन, परेवा, मलेवा, भँगेरा, ढुकुर, सुगा, कोइली र अन्य सबै चराचुरुङ्गी पटकाको आवाज सुन्नासाथ डराएर नजिकको जङ्गलतिर भौँतारिन थाल्छन् । उनीहरूले आफ्नो गुँड छोड्छन् । गुँडमा भएका बच्चा भोकभोकै मर्छन् । कतिपय चरा डरले रूखबाट खसेर मर्छन् । कतिपयले दिशा बिर्सेर टाढा पुग्छन् र फेरि आफ्नो बासमा फर्कन सक्दैनन् । वैज्ञानिक अध्ययन भन्छन्, चराको कान अत्यन्तै संवेदनशील हुन्छ । उच्च डेसिबलको आवाजले उनीहरूको श्रवणशक्तिमा असर पर्छ । एउटा सामान्य पटकाको आवाज १२० देखि १६० डेसिबल वा त्यसभन्दा बढी हुन्छ । अर्थात् हामीले रमाइलोका लागि पड्काएको एउटा पटकाले चराको कानलाई गम्भीर क्षति पुऱ्याउन सक्छ । के हामीले कहिल्यै यो सोचेका छौँ ?

दोस्रो, कुकुरको कुरा गरौँ । कुकुर तिहार हाम्रो सबैभन्दा भावुक पर्व हो । कुकुरलाई हामी बफादार साथी मान्छौँ । तर तिहारको राति त्यही कुकुरको हालत के हुन्छ ? कुकुरको श्रवणशक्ति मानिसको भन्दा धेरै बढी हुन्छ । उनीहरूले ४०-६० हजार हर्जसम्मको आवाज सुन्न सक्छन्, जबकी मानिसले करिब २० हजार हर्जसम्म मात्र । हामीलाई ठूलो लाग्ने आवाज कुकुरलाई बम पड्के जस्तै लाग्छ । कुकुरमा दुखाइको सीमा करिब ९५ डेसिबल आसपास मानिन्छ, जबकी पटका १४०-१९० डेसिबलसम्म पुग्छ । त्यसैले तिहारमा कुकुरहरू डराएर घरको कुनामा, खाटमुनि, नालीमा, बाथरुममा लुकेर बस्छन् । खाना खान सक्दैनन् । पानी पिउन सक्दैनन् । बाहिर निस्कन सक्दैनन् । काठमाडौँ, पोखरा, चितवन, विराटनगर, जनकपुर, नेपालगञ्ज जस्ता ठूला सहरमा हरेक तिहारमा सयौँ कुकुर हराउँछन् । डरले भागेका कुकुरलाई गाडीले हान्छ । कतिपय कुकुर डरले मुटुको धड्कन बढेर वा तनावले मर्छन् । पशु चिकित्सक भन्छन्, तिहारको समयमा कुकुरमा एन्जाइटी, डर, भोक नलाग्ने, झाडा लाग्ने जस्ता समस्या अत्यधिक बढ्छ । हामीले माला लगाएर पूजा गरेको कुकुर राति थरथर कामिरहेको हुन्छ भने त्यो पूजाको के अर्थ ? विचार गरौँ ! अब गाई, गोरु र अन्य घरपालुवा पशुको कुरा गरौँ । गाई तिहारमा हामी गाईलाई लक्ष्मी मानेर पूजा गर्छौं । तर पटकाको आवाजले बाच्छाबाच्छी डराएर थरथर काप्छन् । दुहुनो गाई हो भने दूध दिन छोड्छिन्, गर्भवती गाईको गर्भ तुहिने खतरा हुन्छ । गोरु डराएर डोरी चुँडाएर भाग्छ । बाखा, भैँसी, कुखुरा सबै आतङ्कित हुन्छन् । किसान भन्छन्, तिहारको समयमा पशुले घाँस खान छोड्छ, दूध दिन छोड्छ । एकोहोरो टोलाइरहन्छ । यस अवधिमा वन्यजन्तुको कुरा गरौँ । नेपालको तराई र पहाडका धेरै बस्ती जङ्गलको नजिक छन् । तिहारमा पड्काइने पटकाको आवाज जङ्गलभित्रसम्म पुग्छ । त्यसको कर्कश र डरलाग्दो आवाजले बाँदर, मृग, चितुवा, हात्तीजस्ता वन्यजन्तु आतङ्कित हुन्छन् र सुरक्षाको लागि बस्तीतिर पस्छन् । यसले मानव-वन्यजन्तु द्वन्द्व बढाउँछ । कतिपय ठाउँमा त पटकाकै कारण जङ्गलमा आगलागी भएको समाचार पनि आएका छन् ।

पटकाले पशुपक्षीलाई मात्र होइन, मानिसलाई पनि छोडेको छैन । हरेक वर्ष तिहारमा पटकाले गर्दा आगलागी हुन्छ । बालबालिकाको हात जलेको, आँखा फुटेको, कानको जाली फुटेको समाचार आउँछन् । कतिपयले ज्यानै गुमाएका छन् । हरेक वर्ष पटकाकै कारण सहर-बजार र बस्तीमा आगलागीको घटना हुन्छ । यसकै कारण दर्जनौँ बालबालिका जलनमा पर्छन् र अस्पताल पुग्छन् । के यस्तो रमाइलो रमाइलो हो ? जसले कसैको घर उजाड्छ, कसैको भविष्य अन्धकार बनाउँछ, त्यसलाई रमाइलो भन्न मिल्छ ? तिहारको बेला नजिकको अस्पतालको आकस्मिक वार्डमा पुग्नुस् त पटकाको करामत बुझ्न सघाउ पुग्छ । बालबालिका, वृद्धवृद्धा, महिला र श्वासप्रश्वासका विरामी सबैभन्दा बढी प्रभावित हुन्छन् ।

यसबाट हुने वातावरणीय प्रदूषणको के कुरा गर्नु ? पटका पड्काउँदा निस्कने धुवाँमा सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्बन मोनोअक्साइड जस्ता विषाक्त ग्यास हुन्छन् । यी ग्यासले हावालाई प्रदूषित बनाउँछन् । साथै पिएम २.५ र पिएम १० जस्ता सूक्ष्म कणहरू बढ्छन्, जसले आँखा पोल्ने, छाला चिलाउने, दम, खोकी र श्वासप्रश्वासका समस्या निम्त्याउँछन् । विभिन्न अध्ययनले तिहार अवधिमा वायु प्रदूषणको स्तर बढ्ने देखाएका छन् । तिहारको अवधिमा यसैका कारण आँखा पोल्ने, छाला चिलाउनेजस्ता समस्याको साथै दम, खोकी देखिन्छ; चिकित्सकहरू बताउँछन् ।

यसको समाधान के छ ? यो हाम्रो संस्कृतिको अङ्ग नभएको, यसबाट हानिनोक्सानी नै ज्यादा हुने भएकोले पहिले त हामी आफैँले पटका नकिन्ने, नपड्काउने प्रण गर्नुपर्छ । आफ्ना छोराछोरीलाई पटका किनिदिनुको सट्टा दियो, फूलमाला, फलफूल किनिदिऔँ । उनीहरूलाई पटकाले पशुपक्षी र प्रकृतिलाई पीडा हुन्छ भनेर बुझाऔँ । रमाइलो गर्न पटका नै चाहिँदैन भन्ने कुरा सिकाऔँ । दियो बालेर, देउसी-भैलो खेलेर, आफन्तसँग बसेर पनि तिहार मनाउन सकिन्छ । हिजो हाम्रा अग्रज र पुर्खाहरूले त्यसै गरेर तिहार मनाए । यसका लागि सामाजिक तहबाटै सतर्कता अपनाउन वडा, टोल, क्लब, विद्यालयले पटकामुक्त तिहार अभियान चलाउनुपर्छ । यसबाट हुने नोक्सानीको बारे सचेतना कार्यक्रम गर्नुपर्छ । घरपालुवा जनावरलाई तिहारको बेला घर-गोठभित्रै राख्ने, तिनलाई माया गरेर सम्हाल्ने काम गर्नुपर्छ ।

अन्तमा सरकारी तहबाट यसको उत्पादन, बिक्री र प्रयोगमा कडाइ गर्नुपर्छ । नेपालमा विस्फोटक पदार्थसम्बन्धी कानुनले अवैध पटकाको ओसारपसार, भण्डारण र प्रयोगमा तीन वर्षसम्म कैद र जरिवानाको व्यवस्था गरेको छ ।

भारतका दिल्ली-एनसीआरलगायत ठाउँमा पटकामा कडाइ र सीमित

बाँकी अन्तिम पृष्ठमा

मधेस प्रदेशका ...

आमाको शैक्षिक स्तर र आधारभूत सेवाको उपलब्धतासँग बालबालिकाको स्वास्थ्य, पोषण तथा शैक्षिक अवसरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ ।

गरिबी, पोषणयुक्त खानाको अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच र शिक्षाको कमजोर अवस्थाले बालबालिकाको विकासमा समस्या सिर्जना गर्ने गरेका छन् ।

बालबालिकाको अवस्था सुधारका लागि तथ्याङ्कमा आधारित योजना निर्माण, पोषण तथा स्वास्थ्य सेवाको विस्तार, गुणस्तरीय शिक्षामा पहुँच र सुरक्षित खानेपानीको व्यवस्था महत्वपूर्ण पक्ष हुन् । बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र संरक्षणलाई प्राथमिकतामा राखेर लगानी गर्नुपर्ने आवश्यकता तथ्याङ्कले औँल्याएको छ ।

उनीहरुको वञ्चितीकरण घटाउन समयमै प्रभावकारी कदम चाल्न नसके यसको असर आगामी पुस्ताको स्वास्थ्य, शिक्षा र समग्र मानव विकासमा समेत पर्ने देखिन्छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (एनओसी) र युनिसेफ नेपालले सन् २०२६ सेप्टेम्बरमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालको २१ दशमलव चार प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा रहेको देखाएको छ ।

विश्व समाचार

इरान-अमेरिका द्वन्द्व अन्त्य गर्न कूटनीतिमा फर्कन टर्कीको आग्रह

अन्ताल्या, टर्की, २६ कात्तिक (रासस/एएफपी) ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले अमेरिका-इरान युद्ध अन्त्य गर्न कूटनीतिक वार्ता 'अबिलम्ब' पुनः सुरु हुनुपने बताउनुभएको छ ।

उहाँले आफ्ना इरानी समकक्षीसँगको वार्तापछि यो धारणा सार्वजनिक गर्नुभएको हो । एर्दोगानले टर्कीको अन्ताल्या प्रान्तमा भइरहेको संयुक्त राष्ट्र सङ्घीय जलवायु सम्मेलनको क्रममा इरानका राष्ट्रपति मसुद पेजेस्कियानसँग भेट गर्नुभएको पुष्टि उहाँको कार्यालयले जनाएको छ ।

वार्ताका क्र एर्दोगानले 'अबिलम्ब वार्ताको टेबलमा पुग्नुको महत्त्व' रहेकोमा जोड दिनुभयो र टर्कीले शान्ति सुनिश्चित गर्ने प्रयासलाई निरन्तर समर्थन गर्ने बताउनुभयो ।

"सहमतिको साझा आधारलाई मजबुत बनाउनुपर्छ र कूटनीतिलाई मौका दिनुपर्छ," उहाँले भन्नुभयो । उहाँले अमेरिकासँगको द्वन्द्व 'सकेसम्म चाँडो अन्त्य हुनेमा' विश्वास पनि व्यक्त गर्नुभयो ।

मध्यपूर्वको यो युद्ध फेब्रुअरी २८ मा अमेरिकी-इजरायली आक्रमणबाट सुरु भएको थियो, जसमा इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनी लगायत कैयौँ नेता मारिनुभएको थियो ।

अमेरिकी आक्रमणको बदला लिन भन्दै इरानले क्षेत्रका विभिन्न देशमा मिसाइल र ड्रोन प्रहार गऱ्यो भने लेबनान, यमन र इराकमा रहेका उसले समर्थन गर्ने समूहहरू पनि द्वन्द्वमा सामेल भए ।

बुधवार संयुक्त राष्ट्र सङ्घीय जलवायु शिखर सम्मेलनलाई सम्बोधन गर्दै पेजेस्कियानले संयुक्त राज्य अमेरिका र इजरायललाई इस्लामिक गणतन्त्रमाथिको आक्रमणका क्रममा गम्भीर वातावरणीय क्षति पुऱ्याएको आरोप लगाएका छन् ।

"अमेरिका र यहुदी शासनद्वारा इरानमाथि हालै भएको आपराधिक र अवैध आक्रमणले वातावरणमा गम्भीर क्षति पुऱ्याएको छ, जसले वायुमण्डलमा प्रदूषक र हरितगृह ग्यासको ठूलो मात्रा निष्कासन गरेको छ," उहाँले भन्नुभयो ।

युद्ध अन्त्य गर्न वार्ता गर्ने प्रयासलाई कतार र पाकिस्तानको नेतृत्वमा भएका कूटनीतिक छलफलले बल दिएका छन् भने टर्कीलगायतका केही मुलुकले यसलाई थप बल प्रदान गरेका देखिन्छ ।

तेहरानले रोकिएका सम्पत्ति फुकुवा गर्ने र प्रतिबन्ध हटाउने लगायतका मागहरू वासिङ्टनले स्वीकार गर्नुपर्ने बताएको छ। यसको बदलामा द्वन्द्व सुरुदेखि नै नाकाबन्दी गरेको महत्त्वपूर्ण ऊर्जा मार्ग हर्मुज जलमार्ग पुनः खोल्न इरान तयार छ ।

बंगलादेशका दर्जनौं पोशाक कारखानामा हडताल

ढाका, २६ कात्तिक (रासस/एएफपी) ।

बङ्गलादेशका दर्जनौँ पोशाक कारखाना बिहीबार बन्द भएका छन् । मजदुरहरूले उच्च ज्यालाको माग गर्दै हडतालको आयोजना गरेपछि धेरैजसो कारखानाले उत्पादनलाई निरन्तरता दिन नसकेको बताएका छन् ।

यसले मालिकहरूलाई हडतालमा रहेकाहरूको ज्याला रोक्ने सोच बनाउन बाध्य तुल्याएको छ । अक्टोबरमा सुरु भएको यो अशान्तिले वार्षिक करिब ३८ अर्ब डलर कमाउने उद्योगलाई अवरोध पुऱ्याउने खतरा छ । यो उद्योग क्षेत्रले देशको निर्यात आम्दानीको पाँच भागको चार भाग र चार करोडभन्दा बढी मजदुरलाई रोजगारी दिन्छ ।

'बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बीजीएमईए)' ले मजदूरसँग ज्यालाबारे वार्ता जारी रहँदा शान्त रहन आग्रह गरेको छ । कुल १७ करोड जनसङ्ख्या भएको यो दक्षिण एसियाली राष्ट्र चीनपछि विश्वको दोस्रो ठूलो पोशाक निर्यातकर्ता हो र प्रमुख अन्तर्राष्ट्रिय फेसन ब्रान्डहरूलाई आपूर्ति गर्छ ।

बिहीबार गाजीपुर, आशुलिया र साभरका मुख्य औद्योगिक क्षेत्रका मजदुरहरू कारखाना गए तर काम गर्न अस्वीकार गरे र सडकमा प्रदर्शनका लागि निस्कने प्रयास गरे तर जहाँ प्रहरीले उनीहरूलाई रोके ।

"यी अवरोधहरूले सबैलाई हानि पुऱ्याउँछ। व्यवसायले पैसा गुमाउँछ, मजदुरले काम गर्ने दिन गुमाउँछ, अर्थतन्त्रमा असर पर्छ र खरिदकर्ताहरूले बङ्गलादेशलाई स्रोत गन्तव्यका रूपमा प्रश्न गर्न थाल्छन्," डेनिम एक्सपर्ट लिमिटेडका अतिरिक्त प्रबन्ध निर्देशक तथा बीजीएमईएका पूर्व निर्देशक मोहिउद्दिन रुबेलले भन्नुभयो ।

उहाँले थप्नुभयो, "त्यो क्षतिपूर्ति गर्न गाह्रो हुन्छ ।" बङ्गलादेशको पोशाक ज्याला बोर्डले नोभेम्बर ४ मा प्रमुख क्षेत्रमा न्यूनतम ज्याला बढाउन सहमति जनाएको थियो ।

त्यसपछि कारखानाहरू पुनः सञ्चालनमा आएका थिए । तर नयाँ ज्याला दर डिसेम्बरसम्म घोषणा हुने छैन र जनवरीबाट लागू हुनेछ, जसले मजदुरहरूलाई आफ्नो तलब कति बढ्ने हो भन्ने अनिश्चिततामा राखेको छ ।

मजदुरहरूले मासिक न्यूनतम ज्याला ३० हजार टाका (२४० डलर) को माग गरेका छन्, जुन हालको १२ हजार ५०० टाकाबाट १४० प्रतिशतको वृद्धि हो । बुधबारदेखि विरोध पुनः सुरु भएको थियो। बीजीएमईए स्रोतहरूका अनुसार एक सयभन्दा बढी पोशाक कारखाना विद्यार्थी नेतृत्वको आन्दोलन उत्कर्षमा पुगी १५ वर्षसम्म सत्ता सम्हालेकी शेख हसिना भारत पलायन भएसँगै नयाँ सरकार गठन भएपछि बन्द भएका छन् ।

बीजीएमईएले बङ्गलादेशमा चार हजार ५०० भन्दा बढी सदस्य कारखाना रहेको बताएको छ । "हामी बिहान कारखाना गयौँ, हाजिर गयौँ र घर फर्कियौँ," खनाम नामकी तयारी (रेडिमेड) पोशाकका क्षेत्रमा काम गर्ने मजदुरले भन्नुभयो ।

"मलाई लाग्दैन प्रदर्शनहरू चाँडै शान्त हुनेछन्। ज्याला बोर्डले संशोधित र स्वीकार्य ज्याला नल्याएसम्म यो जारी रहनेछ ।" बुधबार आपत्कालीन बैठक गरेका बीजीएमईए अधिकारीहरूले कारखाना मालिकहरूले 'काम नगरे ज्याला नदिने' नीति अपनाउने सोच बनाइरहेको बताए । "ज्याला बोर्डमा वार्ता र कारखानामा अशान्ति एकै समयमा चल्न सक्दैन," प्रोथोम आलो पत्रिकाले बीजीएमईए अध्यक्ष महमुदुल हसानलाई उद्धृत गरी लेखेको छ ।

मधेस प्रदेशसभाको बैठक कात्तिक २८ गते आह्वान

जनकपुरधाम, २६ कात्तिक (रासस)।

मधेस प्रदेशसभाको बैठक यही कात्तिक २८ गतेका लागि आह्वान गरिएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई प्रदेशसभाबाट विश्वासको मत लिने प्रयोजनका लागि यही कात्तिक २८ गते दिउँसो १ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गरिएको मधेस प्रदेशका सभामुख रामअशिष यादवले जानकारी दिनुभयो।

प्रदेशसभाको बैठक सञ्चालनका लागि भोलि कात्तिक २७ गते दिउँसो प्रदेशसभाअन्तर्गतको कार्य व्यवस्था परामर्श समितिको बैठक बस्ने र सोही बैठकले कार्यसूची निर्धारण गर्ने सभामुख यादवले बताउनुभयो।

मधेस प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लाग्नुभएको हो।

प्रदेशसभाबाट यही कात्तिक २८ गते दिउँसो १ बजे विश्वासको मतका लागि प्रदेशसभा सचिवालयलाई मुख्यमन्त्री यादवले हिजो पत्राचार गर्नुभएको थियो।

विश्वास प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वास लिनुअघिसम्म संवाद जारी राख्ने मुख्यमन्त्री यादवले बताउनुभयो।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले गत असोज २५ गते सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए।

सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार जना मन्त्रीले यही कात्तिक २० गते राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका हुन्।

सत्तारुढ दुई दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाउनुभएको छ। एक सय सात सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ।

मधेस प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन्। त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन्।

लोक आस्थाको ...

सूर्यको पुजा गरि समाप्त हुन्छ।

सुरुमा तराइवासीहरूले मात्र मनाउने यो पर्व अन्य जाति एवं राजधानी लगायत पहाडी क्षेत्रमा समेत मनाउन थालिएपछि सरकारले छठ पर्वको अवसरमा सार्वजनिक विदा समेत दिने गरेको छ।

इभी दुर्घटनामा ...

रहेका छन्।

घाइतेमध्ये मुकेश, सक्षम र २६ वर्षीय देवेन्द्र उपचारपछि डिस्चार्ज भएका छन्। सुजन र सुदीपलाई थप उपचारका लागि काठमाडौँस्थित मेडिसिटी अस्पताल तथा ३१ वर्षीय देवेन्द्रलाई भरतपुरस्थित मनकामना अस्पताल पठाइएको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

पटका मनोरञ्जन ...

अनुमति मात्र दिइएको छ। कुनै एउटा सहर वा नगरपालिका वा महानगरपालिकामा मात्र होइन देशभरि पटका निषेध गरी उल्लङ्घन गर्नेलाई जरिवाना गर्ने व्यवस्था गर्नुपर्छ। यसका लागि प्रहरीको सतर्कता र नागरिकको सहयोग दुवै आवश्यक पर्दछ। तिहार भनेको उज्यालोको पर्व हो। अन्धकारलाई हटाएर उज्यालो फैलाउने पर्व हो तर पटकाको धुवाँ र आवाजले तिहारलाई अन्धकारमय बनाइरहेको छ। हामीले तिहारको मौलिकतालाई फर्काउनुपर्छ। कागलाई माया गर्ने, कुकुरलाई सम्मान गर्ने, गाईलाई लक्ष्मी मान्ने हाम्रो संस्कृतिलाई जोगाउनुपर्छ।

अन्त्यमा, एउटा कुरा स्मरण गरौँ। हामीले पूजा गर्ने पशुपक्षी बोल्न सक्दैनन्। उनीहरूले आफ्नो पीडा व्यक्त गर्न सक्दैनन्। उनीहरूको पीडा बुझ्ने जिम्मेवारी हाम्रो हो। पटका मनोरञ्जनको साधन होइन, अपितु यो हरेक दृष्टिकोणले अभिशाप हो। यस वर्षको तिहार त बिदा भइहाल्यो, जे-जति नोक्सान पटकाले गऱ्यो तपाईं-हाम्रोसामु छँदैछ। अब अर्को वर्षदेखि पटकामुक्त तिहार मनाउन पाइयोस्। यसका लागि के के नियम कानुन चाहिन्छ अहिलेदेखि नै तयार पार्दै विकृति, विसङ्गति एवं अभिशापमुक्त तिहारको कल्पना गरौँ। यसो गऱ्यौँ भने नै साँचो तिहार हुनेछ, यसैबाट हाम्रो संस्कृतिको रक्षा हुनेछ। हिजोको पटकारहित तिहारको विरासतलाई जोगाउँदै यसलाई उज्यालो, आत्मबोध र करुणाको पर्व बनाऔँ। *(लेखक संस्कृति तथा सम्पदाविद् हुनुहुन्छ)*

टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, २६ कात्तिक।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका १३ स्थित पिडारीचोकमा बिहीबार टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ।

पिडारीचोकबाट रत्नसागरतर्फ जाँदै गरेको मधेश प्रदेश ०२-०१० प ४०६९ नम्बरको स्कुटरलाई सोही दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ख ७५०४ नम्बरको टिपरले ठक्कर दिएको हो।

ठक्करबाट स्कुटर चालक महोत्तरीको मनरासिस्वा नगरपालिका ५ कटैयाका २० वर्षीय नवीन चौधरीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

दुर्घटनापछि प्रहरीले टिपर चालक महोत्तरीको भङ्गहा नगरपालिका ७ सितापुरका २२ वर्षीय सचिनकुमार सिंहलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

ज्येष्ठ नागरिक सुविधाअन्तर्गत पूर्वमन्त्री रायमाझी कारागारबाट रिहा

काठमाडौँ, २६ कात्तिक (रासस)।

नक्कली भुटानी शरणार्थी प्रकरणमा कैद सजाय भुक्तान गरिरहनुभएका पूर्वमन्त्री टोपबहादुर रायमाझी रिहा हुनुभएको छ।

ज्येष्ठ नागरिक छुट पाएर डिल्लीबजार कारागारबाट बिहीबार रायमाझी रहा हुनुभएको कारागार प्रशासक विक्रमप्रसाद पाण्डेले जानकारी दिनुभयो।

पैसट्ठी वर्ष पूरा हुनुभएका रायमाझीले ज्येष्ठ नागरिकले पाउने सुविधाअनुसार रिहा हुनुभएको हो। कारागार प्रशासनले रायमाझीलाई परिवारको जिम्मा लगाएको छ।

सर्वोच्च अदालत यही कात्तिक १६ गते पूर्वमन्त्री रायमाझीलाई सो छुट सुविधा दिन कारागार प्रशासनलाई पत्राचार गरेको थियो।

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*